स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




आगामी जेठ २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "के घर के डेरा: घर नं २"को पहिलो गीत "आँखा" सार्वजनिक गरिएको छ। प्रेमिल भावको गीतमा रिकेश गुरुङको पार्श्व गायन, राम अविरल विष्टको शब्द रचना तथा एसडी योगीको संगीत छ। प्रेम गर्ने जोडीको भावना बोल्ने गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता खगेन्द्र लामिछाने र उपासना सिंह ठकुरी चित्रित छन् ।

**आजको विचार...**



आउँदो .... (दुई पेजमा)

डा. शेरबहादुर पुन

यतिबेला एकपछि अर्को सहकारी ठगीको घटना बाहिर आइरहेको समयमा यो विषय अब फिल्ममा पनि उठ्न थालेको छ । आगामी जेठ १५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म "महाभोज"ले सहकारी ठगीको विषय उठाएको छ । मंगलबार सार्वजनिक टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । फिल्ममा अभिनेता दयाहाङ राई सहकारी प्रमुखको भूमिकामा छन् । झन्डै २ मिनेट लामो टिजरमा पैसाले निम्त्याएको पारिवारिक तथा सामाजिक द्वन्द्व र सहकारीको पैसा अपचलन भएपछि उत्पन्न परिस्थितिलाई देखाइएको छ।




❐ वर्ष ३० ❐ अंक २६८ ❐ २०८२ वैशाख ११ गते बिहीबार 24 April 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# लोकतन्त्रका १९ वर्ष : नागरिकमा व्याप्त निराशा

**रामचन्द्र रायमाझी**

**पाल्पा, वैशाख १०**/मुलुकमा लोकतन्त्र बहाली भएको १९ वर्ष पुगेको छ । जनआन्दोलनको बलमा लोकतन्त्र स्थापना भएको थियो । नेपाली काँग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको आन्दोलनमा लाखौं मानिस सडकमा उत्रिएपछि २०६३ सालमा आजैका दिन संसद् पुन:स्थापनासहित जनताले अधिकार पाएका थिए । जनताले जितेको दिन । देशभरका सडकमा लोकतन्त्रको नारा लागेको दिन । राता झण्डा र परिवर्तनको नारा लागेको वैशाख ११ लाई हरेक वर्ष नेपाली जनताले आफू विजयी भएको दिनका रुपमा स्मरण गर्छन् । तर, लोकतन्त्र स्थापनाका लागि त्यतिबेला जनताले बगाएको रगत र पसिनाको उचित मूल्यांकन हुन भने सकेको छैन् ।

लोकतन्त्र आइसक्दा पनि, जनताकै प्रतिनिधिले संविधान बनाएर लागु भइसक्दा पनि र जनताकै लागि भनिएका दलहरू पटक-पटक सत्तामा पुग्दा पनि जनताको अवस्था उस्तै छ ।




भनिएको थियो, लोकतन्त्र आएपछि सब ठीक हुन्छ । संविधान आएपछि सब ठीक हुन्छ । हाम्रो पार्टीको नेतृत्वमा सरकार बनेपछि चामत्कारिक परिवर्तन हुन्छ सम्म नेताले भन्न भ्याए । तर राज्य सञ्चालकहरु प्रतिको वितृष्णाले युवा पलायन भइरहेका छन्, महँगी, भ्रष्टाचार रोकिएको छैन । सुशासन नारामै सीमित छ । आज नागरिकमा व्यापक असन्तुष्टि छ ।

मुलुक तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरंकुश शासन व्यवस्थाको अन्त्य भई लोकतन्त्र स्थापना भएको १९ औं वसन्तमा प्रवेश गरे पनि आम नागरिकमा निराशा मेटिएको छैन् । २०६२/६३ को ऐतिहासिक १९ दिने जनआन्दोलनको बलमा आएको लोकतान्त्रिक व्यवस्थामा समेत दलले जनभावनाअनुसार काम गर्न नसकेपछि नागरिकमा निराशा कायमै रहेको हो । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको नेतृत्व गर्ने राजनीतिक दलहरूले जनअपेक्षा विपरीतका गतिविधिलाई प्राथमिकता राखेका छन् । जनचाहनाअनुरूप आएको नीति, विधिबाट देश चलाउने र जनताको आवश्यकतालाई केन्द्रमा राखेर काम गर्ने शासन प्रणालीका रूपमा स्थापित लोकतन्त्रमा शासकहरूले जनभावनाविपरीत गएर आफू अनुकूलका गतिविधिलाई केन्द्रीकृत गर्दा लोकतन्त्रको उपहास भएको आम बुझाइ छ । नागरिकमाथि राजनीतिक नेतृत्वबाट गरिएको शासनमा राजा र रैतीको भन्दा फरकपन नआएकै कारण नागरिकले वास्तविक लोकतन्त्रको अनुभूति गर्न नसकेको राजनीतिक विश्लेषक विधान श्रेष्ठले बताए । "नेपालमा लोकतन्त्र आयो तर, लोककल्याणकारी राज्य स्थापित हुन सकेन", उनले भने- "यसले जनतामा पूरै निराशा छाएको छ । स्वास्थ्य, शिक्षा, रोजगार र सुशासनका पक्षमा भन्दा पनि दलहरूबाट राजा र रैतीकै चालचलन, व्यवहारहरू भइरहेका छन् । भ्रष्टाचारले सीमा नाघ्यो, रोजगारी दिने योजनाहरू सरकारसँग छैन । *बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### शिक्षामन्त्रीमा पन्त नियुक्त

**काठमाडौं, वैशाख १०**/शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा एमाले सांसद रघुजी पन्त नियुक्त भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति पौडेलले पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरेका हुन् ।

संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री ओलीले गरेको सिफारिस बमोजिम राष्ट्रपति पौडेलले पन्तलाई नियुक्त गरेको जनाइएको छ । शिक्षामन्त्री विद्या भट्टराईले सोमबार पदबाट राजीनामा दिएपछि रिक्त रहेको पदमा पन्तलाई नियुक्त गरिएको हो । राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता बसन्तप्रसाद पन्थीले राष्ट्रपति रामचन्द्र पौडेलले २०८१ असार ३१ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेको विज्ञप्तिमार्फत जानकारी गराएका छन् । नवनियुक्त मन्त्री पन्तको बिहीबार अपराह्न ४ बजे पद तथा गोपनियताको शपथग्रहण कार्यक्रम हुने राष्ट्रपति कार्यालयले जनाएको छ । बुधबार नै प्रधानमन्त्री ओलीले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर (कान्छाराम) तामाङलाई बर्खास्त गरेका छन् । आफूविरुद्ध अभिव्यक्ति दिएको भन्दै ओलीले राज्यमन्त्री तामाङलाई बर्खास्त गरेका हुन् ।

## बुटवलका सुदीप जम्मू–कश्मीरमा मारिए



**पाल्पा, वैशाख १०**/भारतको जम्मू-कश्मीरको पहलगाममा मंगलबार गरिएको आतंकवादी आक्रमणमा परी मृत्यु हुने नेपाली बुटवलका एक युवक भएको पुष्टि भएको छ । परिवारसहित शनिबार कश्मीर घुम्न गएका बुटवल उपमहानगरपालिका-१४ का २७ वर्षीय सुदीप न्यौपानेको मृत्यु भएको खुलेको हो ।

मृतक सुदीपको शवलाई बुधबार नेपाल ल्याइने बताइएको छ । आतंकवादी आक्रमणमा न्यौपानेसहित अन्य २७ जनाको समेत ज्यान गएको छ । मारिनेमध्ये र बिटन अधकेरी उधवानी कुमार संयुक्त अरब इमिरेट्सका नागरिक हुन् । अन्य मृतकहरू भारतीय राज्य उत्तरप्रदेश, गुजरात, महाराष्ट्र, कर्नाटक, तमिलनाडू र ओडिसका पर्यटक हुन् । भारतीय सञ्चार माध्यमहरूका अनुसार आतंकवादीले पर्यटकरूको नाम सोधेपछि गोली प्रहार गरेका थिए । आक्रमणाकारीहरू जम्मूको किश्तवाडबाट सीमा पार गरेर दक्षिण कश्मीरको कोकरनाग हुँदै बैसरन पुगेको बताइएको छ ।

## गंगादेवीको हत्यामा संलग्न तीन जनालाई जन्मकैद

**तेजेन्द्र कुमार श्रेष्ठ**

**गुल्मी, वैशाख १०**/जिल्ला अदालत गुल्मीले गंगादेवी शेरचनको हत्यामा संलग्न तीन जनालाई जन्मकैदको फैसला सुनाएको छ । जिल्ला अदालतका न्यायाधीश युवराज गौतमको इजलासले धुलिखेल नगरपालिका-७, काभ्रेका शिवबहादुर तामाङ, बडीगाड गाउँपालिका-७, बागलुङका थमनबहादुर घर्ती र मकवानपुर घर भई चन्द्रागिरी नगरपालिका-१०, काठमाडौं बस्ने लोकबहादुर दर्लामीलाई जन्मकैदको फैसला सुनाएको हो ।



हत्यामा संलग्न तिनै जनालाई डाँकाचोरी मुद्दामा दश/दश वर्ष कैद र एक/एक लाख रुपैयाँ जरिवाना र कसुर गर्ने तीन जनाबाट मृतकको जाहेरवालालाई एक/एक लाख क्षतिपूर्ति भराउने फैसला भएको जिल्ला अदालतका श्रेस्तेदार सुदर्शन खनालले जानकारी दिए ।

जिल्लाको मुसीकोट नगरपालिका-७ वामीकी ५८ वर्षीया शेरचनको २०७९ साल माघ १५ गते मृत अवस्थामा शव फेला परेको थियो । न्वारामा ३० वर्षदेखि होटेल सञ्चालन गर्दै आएकी उनको आफ्नै घरभित्र हातखुट्टा र मुखमा टेप बाँधिएको अवस्थामा प्रहरीले फेला पारेको थियो ।

प्रहरीले अनुसन्धानको क्रममा हत्यामा संलग्न बागलुङका घर्तीलाई २०७९ फागुन २२ गते, मकवानपुरका दर्लामीलाई २०७९ फागुन २३ गते र काभ्रेका शिवबहादुर तामाङलाई २०७९ साल चैत २८ गते पक्राउ गरेको थियो । यस्तै सोही घटनामा संलग्न रहेका सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका -२ का ३९ वर्षीय बुद्धिमान तामाङलाई प्रहरीले २०८१ साल फागुन २७ गते काठमाडौंबाट पक्राउ गरेको थियो । तामाङ अन्य धेरै अपराधिक घटनाका मुद्दासँग जोडिएकोले उनको बारेमा जिल्लामा फैसला नआइसकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । होटलमा ग्राहकको आवरणमा आएका उनीहरुले शेरचनको हत्या गरी साथमा रहेको नगद तथा गहना समेत चोरेका थिए । प्रहरीको अनुसन्धानमा हत्यारा सामाजिक सञ्जालमा राखेका भिडियो र फोटोबाट स्थान र व्यक्ति पहिचान गरी त्यहाँ पुगेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## लोकतन्त्र दिवसको सान्दर्भिकता

आज लोकतन्त्र दिवस । तत्कालीन राजा ज्ञानेन्द्र शाहले त्यसअघि विगठित संसद्को पुन:स्थापना गरी 'जनताको नासो जनतालाई नै फिर्ता गरेको' र आफू देशको कार्यकारी प्रमुखबाट हटेको घोषणा गरेको वि.सं. २०६१ वैशाख ११ को स्मरण गरी यो दिवस मनाइन्छ ।

राजसंस्थाको अन्त्य गरी जनताको प्रत्यक्ष शासन सञ्चालन हुँदै आएको छ । तर लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पनि नागरिकको आधारभूत आवश्यकता परिपूर्ति हुन सकेको छैनन् । यो अत्यन्त दु:खको कुरा हो । यसबीचमा नेपाली कांग्रेस, एमालेदेखि एमाओवादी नेतृत्वका सरकारहरू बने, मधेसवादी दलदेखि विभिन्न पार्टी ती सरकारमा सहभागी भए । जसले सरकार चलाए पनि जनताले भने लोकतन्त्रको अनुभूत गर्न सकेका छैनन् । लोकतान्त्रिक व्यवस्थामा विकास, लोकतन्त्र/गणतन्त्रका अनेकौं विषय र सवालमा बहसहरू भए/भइरहेका छन् । तर, ती बहसले लोकतन्त्र/गणतन्त्रलाई संस्थागत गर्न उपयुक्त बाटो पहिल्याउन नसक्नु विडम्वना हो । लोकतन्त्रले त जनताका पीरमर्कालाई नजिकबाट आत्मसात् गर्नसक्नुपर्छ । अहिले मुलुकमा तीन तहको सरकार छ । तर पनि आमनागरिकले समृद्धि र विकासको वास्तविक अनुभूति गर्न सकेका छैनन् ।

पहिले सिंहदरबारमा केन्द्रित रहेको नागरिक अधिकार अहिले जनताको घर–घरमै पुगेको भए पनि त्यसको सार्थक अनुभूति जनताले गर्न पाएका छैनन् । जनताले आफ्ना घर आँगनका सरकारबाट के–कस्ता फाइदा लिन सकिरहेका छन् भन्ने कुराको मापन पनि नागरिकले गरिरहेकै छन् । आफैँले संघर्ष गरेर ल्याएको लोकतन्त्रको जगमा उभिएर प्राप्त भएका यी शासकीय उपलब्धिहरुप्रति जनताले अपनत्व महसुस गर्न कसरी पाएका छन् ? उनीहरुले आफैँले चाहेर ल्याएको आफ्नो व्यवस्थाका रुपमा यसलाई अङ्गीकार गर्न सकिरहेका छन् कि छैनन् ? आजका दिनमा यो अवस्थाको पनि मूल्याङ्कन गर्नुपर्दछ । कुनै पनि राजनीतिक व्यवस्था या प्रणालीको प्राप्ति एवम् फेरबदल जनताको जीवनस्तरमा सुधार ल्याउन, उनीहरुका इच्छा अकाङ्क्षा पूरा गरेर देशको विकास गरी समृद्ध राष्ट्र बनाउनु नै हो । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने लोकतन्त्र दिवसको सान्दर्भिकता रहन्छ ।

### Opinion @ Social Network

धैरै ठूलो सोच पनि नराखौं साथी जिन्दगीमा
बिस्तारै कमाउँ अनि थोरै भएपनि जमाउँ र जे मिल्छ त्यसैमा रमाउ।
(सुनिल परियारको फेसबुक स्टाटस https://www.facebook.com/pariyar.sunil)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आउँदो मनसुन अनि सम्भावित महामारीको जोखिम



डा. शेरबहादुर पुन

"यो वर्ष कुन सङ्क्रमण प्रकोप/महामारीका रुपमा देखिएला ?" यो प्रश्नको तत्काल सटिक उत्तर त नहोला तर विगतको अनुभव अनि कमजोरीबाट भने सम्भावित सङ्क्रमण महामारीको अनुमान गर्न भने सकिन्छ । नेपालले बर्सेनि विशेषत: मनसुनको समयमा कुनै न कुनै प्रकोपको सामना गर्दै आइरहेको इतिहास छ । यसमा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपले थप समस्या दिएको देखिन्छ । एक दशकअगाडिसम्म पानीजन्य सङ्क्रमणको महामारी बढी देखिने गर्दथ्यो भने पछिल्ला केही वर्षयता तुलनात्मक रुपमा कीटजन्य रोगले तीव्र गति लिइरहेको देखिन्छ ।

यद्यपि पानीजन्य सङ्क्रमणको जोखिमपूर्ण रुपमा नियन्त्रणमा आइसकेको भन्न खोजिएको भने होइन । अब चाँडो नेपालमा मनसुनको प्रवेश हुँदै गर्दा मौसमी महामारीको जोखिम पनि बढ्दै गइरहेको छ । विगतका अनुभवहरुका आधारमा सम्भावित महामारीको विश्लेषण यहाँ गर्न खोजिएको हो ।

**डेंगु**

केही दिनअगाडि समकक्षीहरुसँग बसिरहेको बेला लामखुट्टे अघिपछि गरिरहेको थियो । मनसुन भित्रिसकेको त छैन तर लामखुट्टे सक्रिय हुनु केही अस्वाभाविक तर बढी चिन्ताको विषय भने पक्कै मान्नु पर्दछ । स्मरण रहोस्, सन् २०१९ मा धरानमा डेंगु अचानक फैलँदा नेपालमा मनसुन प्रवेश गरिसकेको अवस्था थिएन । अर्थात् त्यो बेला बेमौसमी झरी पर्दा लामखुट्टेको अस्वाभाविक वृद्धि अनि एकपछि अर्को जिल्ला हुँदै डेंगु अन्तत्वोगत्वा काठमाडौँसम्म आइपुग्दा काठमाडौँवासीले पहिलोपटक डेंगुको ठूलो चुनौतीको सामना गर्नु परेको थियो । आधिकारिक तथ्याङ्कलाई हेर्ने हो भने हाल केही वर्षयता लगभग १२ महिनाजसो डेंगु देखिन थालेको छ । ठूलो र लामो महामारीको रुप लिने हो भने मनसुन सुरु भएदेखि नै डेंगु फैलन थाल्ने गरेको अनि कुनै निश्चित ठाउँमा प्रकोपको रुप लिंदा भने 'पोष्ट मनसुन' अर्थात् दसैं-तिहार पछि डेंगु देखिने गरेको लेखकको अनुभव छ । सन् २०२२ मा डेंगुले काठमाडौँमा विनाशकारी महामारी निम्त्याएको थियो । यो सन् २०१९ पछि तीन वर्षको अन्तरालमा देखिएको सबैभन्दा ठूलो महामारी थियो । नेपालको तथ्याङ्कलाई हेर्ने हो भने दुईदेखि तीन वर्षको अन्तरालमा डेंगुले प्रकोप/महामारीको स्वरुप लिने गरेको छ । प्रत्येक महामारीसँगै भाइरसको सङ्क्रामकता, आक्रमकता र जटिलता पनि बढ्दै गएको देखिन्छ । यसर्थ पनि अब काठमाडौँमा डेंगुले कुनै पनि समयमा नयाँ महामारीको लहर निम्त्याउन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन । र, त्यो विगतको भन्दा अझ बृहत् नहोला भन्न सकिँदैन । तर, दुर्भाग्य नै भन्नुपर्छ कि हामीले अझ पनि डेंगु रोक्ने उपायहरुलाई गम्भीरताका साथ लिने वा नियन्त्रणका लागि पर्याप्त प्रयास गरेको भने देखिँदैन ।

**स्क्रब टाइफस**

यो रोग 'ओरिएनटा सुसुगामुसी' नामक ब्याक्टेरियाका कारणले हुने गर्दछ । यो चिगर माइट नामक किर्नाको टोकाइका कारणबाट हुने कीटजन्य रोग हो । सन् २०१५ मा केही बालबालिकाको मृत्यु स्क्रब टाइफसले भएको प्रमाणित भएपछि यसले नेपालमा विशेष चर्चा पाएको हो । कतिपयले २०७२ सालको भूकम्पले गर्दा यो रोग फैलिएको/देखिएको भने तापनि यो ब्याक्टेरिया दुई दशकअगाडि नै नेपालमा देखिइसकेको अध्ययन-अनुसन्धानहरुले देखाएका छन् । तर, धरान घटनाअगाडिसम्म स्क्रब टाइफस नियमित परीक्षणमा समावेश नहुने हुँदा यसको अवस्थाका बारेमा सन् २०१५ अगाडि अनभिज्ञ नै देखिन्छ । नेपालमा बर्सेनि विशेष गरेर मनसुन 'सिजन'मा स्क्रब टाइफसको सक्रियता बढी देखिने गरेको अस्पताल तथ्याङ्कहरुले देखाउँछन् । केहीको उपचारमा ढिलाइ हुँदा वा उपचारका क्रममा मृत्युसमेत हुने गरेको देखिन्छ । विशेषत: गाउँघरतिर अथवा वनजङ्गल जाँदा (घाँसदाउरा काट्न जाँदा) अथवा पछिल्लो समय शहरमा हाइकिङमा जाने बढ्दो प्रचलनले पनि स्क्रब टाइफसको जोखिम बढेको देखिन्छ । कुनै कारणले अग्ला वा ठूला झाडीमा वा घाँसेमैदानको सम्पर्कमा आउँदा मानिसमा चिगर माइट टाँसिने अनि त्यसले टोक्ने गर्दछ र स्क्रब टाइफस रोगको सम्भावना बढेर जाने गर्दछ । अहिले पनि धेरैले ज्वरोलाई बेवास्ता गर्दा स्क्रब टाइफसले जटिल अवस्था लिएको देखिन्छ । स्क्रब टाइफससम्बन्धी जानकारीलाई अझै प्रभावकारी रुपमा प्रचार गर्नुपर्ने खाँचो छ ।

**हैजा**

दुई दशकअगाडि काठमाडौँमा हैजाका बिरामी नियमित जस्तो देखिन्थे । नियमित मात्र होइन मनसुन सुरु भएसँगै अस्पताल नै भरिभराउ हुने गर्दथ्यो । घण्टा बित्न नपाउँदै ४०/५० जना अस्पताल भर्ना हुन आउने गरेको लेखकको अनुभव छ । हाल त्यो भयावह अवस्था छैन तर हैजालाई नेपालमा इतिहासमा सीमित राख्न सकेको अवस्था पनि छैन । काठमाडौँमा अहिले पनि हैजा नियमित जस्तो देखिने गरेको पाइन्छ । केही वर्षपहिले हैजाका कारणले नवलपरासीमा केही बिरामीको मृत्यु भएको थियो । हैजा कडा भएको अवस्थामा पनि तुरुन्तै उपचार पाए मृत्युको सम्भावनालाई घटाउन सकिन्छ । तर, भौगोलिक रुपमा विकट एवं दुर्गम ठाउँहरुमा जटिल प्रकृतिको हैजा देखिए त्यसबाट व्यक्तिको मृत्यु पनि हुने सम्भावना रहन्छ । किनभने त्यस्ता ठाउँबाट बिरामीलाई सुविधासम्पन्न अस्पतालसम्म समयमा ल्याउन कठिन हुने गर्दछ । जस्तै, सन् २००९ को अप्रिल-जुलाई महिनामा जाजरकोटमा १११ जनाको हैजाका कारण ज्यान गयो । जाजरकोटमा धेरै पटक हैजा दोहोरिएको पनि देखिन्छ । अर्थात् हामीले यो घटनाबाट पाठ सिकेको वा गम्भीर भएको देखिँदैन । हाल हैजा फैलने तरिका वा स्रोतमा पनि केही फरक देखिन थालेको छ । हैजा मुख्यतया पानी अनि सङ्क्रमित खानेकुराबाट फैलने गर्दछ । पछिल्लो समय मानिसहरु पानी र खानेकुरामा केही हदसम्म सजक हुन थालेका देखिन्छन् । तर, बजारमा पाइने कतिपय जारका वा बोतलमा राखिएका पिउने पानीमा नियमितजसो कोलिफोर्म भेटिएका खबर आइरहेका छन् । अर्थात् यसलाई दिसा मिसिएको पानी घरघर पुग्ने गरेको सङ्केतका रुपमा लिन सकिन्छ । यस्ता पानी निर्मलीकरण गरेर नपिउने भएकाले हैजाको जोखिम बढेको हो । त्यस्तै केही दिनयता झिङ्गा पनि यत्रतत्र देखिन सुरु भएको छ । झिङ्गा पनि हैजा फैलाउने एक माध्यम हो । विगतमा झिङ्गाबाट रोग फैलिन्छ भनेर नियमित रुपमा जानकारीहरु प्रवाह भइरहन्थ्यो, तर आजभोलि यस्तो प्रचारमा कमी आएको छ । त्यस्तै व्यावसायिक पानीको नियमित तथा प्रभावकारी अनुगमन नहुँदा हैजाको जोखिम यथावत् देखिन्छ र यसबाट प्रकोप/महामारीको सम्भावनालाई बढाएको छ ।

**जापानिज इन्सिफलाइटिस**

लामो समयको अन्तरालपछि नेपालमा गत वर्ष जापानिज इन्सिफलाइटिस अस्वाभाविक रुपमा बढेको थियो जसका कारण कम्तीमा १४ जनाको ज्यान गएको थियो । यो अघिल्लो वर्षको भन्दा दोब्बर थियो । त्यस्तै यस भाइरसबाट ६० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए । यसबाट जापानिज इन्सिफलाइटिसले 'स्टेप ल्याडर' तरिकाले पुन: देखिने गर्दै गइरहेको देखिन्छ । त्यसो भए "के यो वर्ष पनि सङ्क्रमित र मृत्युदरको सम्भावना छ त ?" भन्ने प्रश्न गम्भीर रुपमा देखा परेको छ । यो प्रश्नको उत्तर केही हदसम्म बर्सेनि बढ्दो सङ्क्रमणको कारण र फैलन रोक्ने पूर्वतयारीको अवस्थाले तय पनि गर्नेछ । यो भाइरसविरुद्ध प्रयोग भएका खोपको प्रभावकारिताको अवधि वा खोपले निरन्तरता पाए/नपाएको जानकारी पनि महत्वपूर्ण हुनेछ । जापानिज इन्सिफलाइटिस फैल्याउने लामखुट्टे मनसुनमा सक्रिय भइरहेको अवस्थाको सङ्केत गत वर्ष देखिएको जापानिज इन्सिफलाइटिस बिरामीको सङ्ख्याबाट पनि अनुमान गर्न सकिन्छ । यसर्थ यो वर्ष पनि विगतको वर्षभन्दा फरक हुने सम्भावना कमै छ ।

**श्वासप्रश्वास सङ्क्रमण**

बर्सेनि मनसुनको मध्यतिर श्वासप्रश्वास सङ्क्रमण विशेषत फ्लु भाइरसको लहर देखिने गर्दछ । विगतको अनुभवलाई आधार मान्ने हो भने फ्लु भाइरसले बेलाबेलामा महामारीको रुप समेत लिने गरेको देखिन्छ । कोभिड-१९ अगाडि 'एचवानएनवान पिडिएम ०९' नामक फ्लु भाइरस प्यानडेमिक घोषणा भएको थियो । सन् १९१८ मा पनि 'स्पेनिस फ्लु' को नामले चिनिने फ्लु भाइरसले अनुमानित पाँच करोड मानिसको ज्यान लिएको तथ्याङ्क छ । हुन त नेपालमा यसलाई 'भाइरल' वा सामान्य रुघाखोकीका रुपमा लिने चलन भए तापनि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिकाको स्वास्थ्यलाई जटिल बनाउने गरेको देखिन्छ । फ्लुविरुद्ध उपलब्ध खोपले सङ्क्रमणलाई जटिल हुनबाट रोक्न धेरै हदसम्म सहयोगी हुने गर्दछ । फ्लु सक्रिय भएको अवधिभरि बाहिर वा सार्वजनिक स्थानमा जाँदा मास्क लगाउने तथा घरमा आएपछि राम्ररी साबुनपानीले हात धुने बानीले पनि सङ्क्रमण रोक्न धेरै हदसम्म सहयोगी हुनेछ । यस्ता जानकारीहरु विभिन्न सञ्चारका माध्यममार्फत निरन्तर जानकारी दिने अनि विद्यालयमा पनि विद्यार्थीलाई अनिवार्य सिकाउन सके अझ प्रभावकारी हुनेछ ।

**अज्ञात वा आयातित सङ्क्रामक रोग**

नेपालमा हाल पनि औँलामा गन्न सक्ने सरुवा रोगलाई वा सङ्क्रमणलाई नियमित परीक्षणमा समावेश गर्ने गरिन्छ । यसर्थ पनि अधिकांश बिरामीमा ज्वरोका कारण पत्ता लाग्ने गरेको पाइन्न । नेपालीहरु हरेक हप्ता हजारौँको सङ्ख्यामा रोजगारीका लागि विदेश जाने गर्दछन् । त्यहाँबाट नेपालमा पहिला नदेखिएका सङ्क्रमणहरु भित्रिन सक्ने जोखिम उच्च हुने गर्दछ । कोभिड-१९, अफ्रिकी मलेरिया, चण्डीपुरा भाइरस जस्ता भाइरसहरु नेपालमा पछिल्लो समय भित्रिएका केही रोगहरुका नाम हुन् । जिका भाइरस, निपाह भाइरस, क्यासिनुर फोरेस्ट डिजिज ( मङ्की ज्वरो), मर्स कोरोना भाइरसजस्ता सङ्क्रामक रोगहरु छिमेकी देश भारत वा मध्यपूर्वका देशहरुमा देखिँदै आइरहेका छन् जुन नेपालका लागि पनि जोखिम मान्नु पर्दछ । यी सङ्क्रमणहरु नियमित परीक्षणको सीमितताले गर्दा नेपाल भित्रिएका वा भित्रिनसकेका भनेर यकिन भने गर्न सकेको छैन । हाल नभित्रिएको रहेछ भने पनि आगामी दिनहरुमा भित्रिँदैन भन्ने कुनै आधार पनि देखिँदैन । यी उल्लिखित रोगहरु पनि हावाजन्य वा कीटजन्य सङ्क्रमणहरु नै भएकाले मनसुन सिजनमा फैलन सक्ने जोखिम रहन्छ । तसर्थ हाल उपलब्ध नियमित परीक्षणबाट पत्ता नलागेका सङ्क्रमणलाई थप परीक्षणको व्यवस्था गर्नु उचित हुनेछ । किनभने हाल यी पुष्टि हुन बाँकी रहेका सङ्क्रामक रोगले भोलि प्रकोप वा महामारीको रुप नलेला भन्न सकिँदैन । यसको बलियो उदाहरणका रुपमा सन् २००४ मा एकजनामा पुष्टि भएको डेङ्गु भाइरस हाल आएर नेपालका लागि सबैभन्दा ठूलो चुनौतीका रुपमा खडा हुनु नै हो । अन्तमा, सङ्क्रमणले महामारीको स्वरुप लिइसकेपछि आत्तिने अनि सकिएपछि बिर्सने बानी हाल पनि यथावत् नै देखिन्छ । कोभिड-१९ र सन् २०२२ को डेङ्गु महामारी यसको ज्वलन्त उदाहरणका रुपमा लिन सकिन्छ । मनसुन अगाडि विगतका अनुभव तथा उपलब्ध स्रोतसाधनका आधारमा योजना बनाउने अनि मनसुन सुरु भएसँगै योजनाको कार्यान्वयन पक्षलाई लागू गर्नुपर्दछ । माथि उल्लिखित सङ्क्रामक रोगहरु आगामी दिनहरुमा (मनसुनमा) प्रकोप/महामारीका रुपमा देखिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सरुवा रोगविज्ञ डा शेरबहादुर पुन शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ । *-रासस*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक भावना जागृत हुनेछ । स्वास्थ्यमा सुधार आउनेछ । | **तुला** : प्रेम सम्बन्धमा मिठास बढ्नेछ। मनोकामना पूरा हुने दिन छ । |
| **वृष** : धन आर्जनका नयाँ स्रोत खुल्नेछन्। पारिवारिक वातावरण रमाइलो रहनेछ। | **वृश्चिक** : थप ध्यान र सतर्कता आवश्यक पर्नेछ। विवादबाट बच्न सुझाव दिइन्छ। |
| **मिथुन** : नयाँ अवसरहरू प्राप्त हुने संकेत छन्। आत्मबल बलियो बन्नेछ। | धनु : प्रशासनिक क्षेत्रबाट सहयोग मिल्नेछ। नयाँ ठाउँको भ्रमणले फाइदा दिनेछ । |
| **कर्कट** :सावधानीपूर्वक व्यवहार गर्नुहोस्। पारिवारिक सहयोग प्राप्त हुनेछ । | **मकर** : काममा सफलता मिल्नेछ । नयाँ योजनाको सुरुवात गर्न अनुकूल समय छ। |
| **सिंह** :विशिष्ट व्यक्तिसँगको भेट लाभदायक हुनेछ । काममा सन्तुष्टि मिल्नेछ । | **कुम्भ** : पारिवारिक सद्भाव बढ्नेछ। पदोन्नति वा प्रशंसा पाइने संकेत छ । |
| **कन्या** : धन लाभको योग छ । खेलकुद वा व्यायाममा सहभागी हुनु उपयुक्त हुनेछ। | **मीन** : पिताको सहयोग लाभदायक हुनेछ। आर्थिक सुधार देखिनेछ। |

# बाल बाटिका

बाल कथा

## स्यालको मूर्खता



*अघि कुनै समयमा एउटा भोको स्याल आहारको खोजीमा हिँडेको थियो । घुम्दै जाँदा ऊ कुनै गाउँमा पुग्यो । उसलाई देख्ने बित्तिकै कुकुरहरू भुक्न लागे । अब उसलाई आपत् पर्‍यो । तैपनि हिम्मत हारेन र लुक्नका लागि एउटा घर भित्र छिर्‍यो । घर धोबीको थियो कुनामा कतै ठुलो ड्रम थियो । उसलाई लुक्न यही स्थान उपयुक्त लाग्यो र भित्र छिरेर रात बितायो । बिहान ड्रमबाट बाहिर टाउको निकालेर हेर्‍यो तर त्यतिबेलासम्म कुकुरहरू फर्किसकेका रहेछन् । बल्ल बाहिर निस्क्यो । ऊ भोको त थियो त्यसमाथि अहिलेसम्म तिर्खा पनि लागिसकेको थियो । त्यसैले पानी खोज्दै कुनै नदी किनारमा पुगेर पानी खान लाग्यो । ठिक यही बेला पानीमा आफ्नो छाया दङ्ग पर्‍यो ।*

आखिर झुट भनेको झुट नै हो । जतिसुकै चलाख भए पनि जतिसुकै चलाखीपूर्वक गरिएको भए पनि एक न एक दिन पत्ता लागिहाल्छ । मूर्ख बनाउन सजिलै हुन्छ, बनाउन सकिन्छ तर सधैँभरि सकिन्न, कदाचित कसैलाई सधैँभरि बनाउन सकिएछ भने पनि सबैलाई सधैँभरि भने बनाउन सकिन्न भन्ने त भनाइ नै छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यसैसम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ ।

अघि कुनै समयमा एउटा भोको स्याल आहारको खोजीमा हिँडेको थियो । घुम्दै जाँदा ऊ कुनै गाउँमा पुग्यो । उसलाई देख्ने बित्तिकै कुकुरहरू भुक्न लागे । अब उसलाई आपत् पर्‍यो । तैपनि हिम्मत हारेन र लुक्नका लागि एउटा घर भित्र छिर्‍यो । घर धोबीको थियो कुनामा कतै ठुलो ड्रम थियो । उसलाई लुक्न यही स्थान उपयुक्त लाग्यो र भित्र छिरेर रात बितायो । बिहान ड्रमबाट बाहिर टाउको निकालेर हेर्‍यो तर त्यतिबेलासम्म कुकुरहरू फर्किसकेका रहेछन् । बल्ल बाहिर निस्क्यो । ऊ भोको त थियो त्यसमाथि अहिलेसम्म तिर्खा पनि लागिसकेको थियो । त्यसैले पानी खोज्दै कुनै नदी किनारमा पुगेर पानी खान लाग्यो । ठिक यही बेला पानीमा आफ्नो छाया दङ्ग पर्‍यो । किनकि त्यतिबेला उसको शरीर निलो थियो । कारण के परेको थियो भने जुन ड्रममा ऊ लुकेको थियो त्यो नीलो मसीको ड्रम थियो । सोही मसी लागेर शरीर नीलो हुन पुगेको थियो । उसले पानी खायो र आश्चयमान्दै जङ्गलतिर लाग्यो तर भइदियो के भने उसको विचित्र स्वरूप देखेर जङ्गली जनावर डरले भाग्न लागे । त्यसपछि उसले यसैको आडमा जङ्गलको राजा बन्ने विचार गर्‍यो र विनम्रतापूर्वक भन्यो-

'जङ्गलवासी दाजुभाइ दिदीबहिनीहरू हो ! डराउनुपर्दैन । तपाईंहरूकै सुरक्षाका लागि आएको हुँ । यसैखातिर स्वयं सृष्टिकर्ता ब्रह्माजीले मलाई दूत बनाएर पठाउनुभएको हो । आजदेखि तपाईंहरूको राजा बनेर सेवा गर्छु । तपाईंहरूका चिन्ताका दिन गए । जे परे पनि मलाई भन्नुहोला । अब तपाईंहरू मेरो राज्यमा सुखपूर्वकले बस्न पाउनुहुनेछ ।' उसको कुरा अन्य जनावरलाई ठिकै लाग्यो । उनीहरूले तत्कालै स्वकृतिसूचक टाउको हल्लाए । त्यसपछि उसले मन्त्री पदमा बाघलाई, सेनापति पदमा चितुवालाई र स्वकीय सचिव पदमा ब्वाँसोलाई नियुक्त गर्‍यो । अनि आफ्नो पोल खुल्छ कि भन्ने डरले स्यालहरूलाई भने राज्य निकालाको घोषणा गर्‍यो ।

अब स्यालको सुखको दिन सुरु भयो । दिनभर हात्तीमा चढेर जङ्गल घुम्थ्यो । उसका कर्मचारी अर्थात् बाघ, चितुवा र ब्वाँसो सिकार खोजेर ल्याउँथे ऊ मासु जति छानिछानी खान्थ्यो । हाडखोर र खाएर नभ्याएको जति उनीहरूलाई दिन्थ्यो । यसरी उसले केही समय झुटको खेती चलायो । त्यतिबेला उसलाई लागेको थियो आफूजति भाग्यमानी संसारमै कोही छैन तर झुट सधैँभरि कहाँ टिक्थ्यो र । उसलाई पनि त्यस्तै भयो । सदा झैं ऊ एक दिन बिहान गुफाबाट बाहिर आएर आङ तन्काउँदै थियो त्यति नै बेला पर कतै जङ्गलबाट स्यालको आवाज आयो । स्यालहरूको बानी के भने एउटा कराएपछि सबै कराउनुपर्ने । स्याल कराएको सुन्ने बित्तिकै उसले आफूलाई राजा हुँ भन्ने बिर्स्यो र करायो । ब्रह्माजीको दूत हुँ भन्ने नाटक गरेको भए पनि आखिर थियो त ऊ स्याल नै । अरू कराएको सुन्ने बित्तिकै ऊभित्र स्याल पनि बाहिर आयो ।

जब अन्य जनावरले स्यालको आवाज सुने तब उनीहरूलाई उसको असलियत बुझ्न बेर लागेन । उनीहरू स्यालले आफूहरूलाई मूर्ख बनाएर राजा बनेको भन्दै निकै रिसाए र सबै एकैसाथ ऊमाथि जाइलागे । यद्यपि उसले भागेर ज्यान बचाउने प्रयास नगरेको होइन तर सबै मिलेपछि कसको के लाग्दो रहेछ । मिलेर प्रयास गर्ने हो बाँदरले बाघलाई त मार्न सक्छन् भने ऊ त थियो स्याल । जति नै भाग्ने प्रयास गरे पनि केही लागेन । सबै मिलेर उसको कामतमाम गरी आहार बनाए । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर झुटको अवस्था जहाँ पनि यस्तै हुन्छ । पहिलो कुरा त उसले स्वधर्मलाई छाडेर परधर्म अप्नाएको थियो । दोस्रो कुरा जतिसुकै चलाख भए पनि आखिर एक दिन सत्य अगाडि आएरै छाड्ने प्रकृतिकै नियम थियो । यसमा ऊ मात्र अपवादमा कहाँ पर्थ्यो र । उसले त्यही फल पायो जस्तो रोपेको थियो ।

*-रातोपाटी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


नाटक ● टङ्कबहादुर आलेमगर

# खुसी रोपिँदै छ यहाँ

**(पहिलो दृश्य)**

(जीविकाको व्यस्त समयमा पनि भावनाको प्रसव पीडाले मिठास दिँदो रहेछ चित्तवृत्तिलाई । देख्दै छु, कल्पनाको अँगालोमा हाँसिरहेछ एउटा दृश्य । दृश्यभित्र खण्डदृश्य सुन्दर कक्ष, रेशमी पर्दा, गलैँचा ओछ्याएको भुइँ, घुम्ने कुर्सीमा विराजमान एकाकी कुमार 'प्रस्तोता' । उसैको सोझिछन् सिकर्मीका बिछट्टै कला कुँदिएका दुइटा कुर्सी । घुम्ने कुर्सी र कुर्सीका मध्यस्थता गर्ने बाकुलो काँच ओछ्याएको ठूलो टेबुल । त्योमाथि सजाइएका फूलदानी, कलमदानी, पेपरवेट आदि । अनि सञ्चारका आधुनिक साधनहरू । ठुलो बोर्ड झुन्ड्याएको छ संस्थाले उन्नति गर्या प्रतिलिपि र नाराहरू बोकाएर ।) आगन्तुक : (कक्षमा प्रवेश गर्दै) एकाकी सर ! सकजअ है । एकाकी : (हात उठाउँदै) सेम टू यू नाटक सर !

नाटक : (खाली कुर्सीमा बस्दै) हाम्रो परिकल्पना साकार बन्दै छ हगि ?

एकाकी : (मन्द हाँस्दै) हाम्रो अनलाइन विज्ञापनको बल्छीमा एउटी जलपरी परेकी छे । नाटक : दर्शन गरौँ न त हाम्रा भाग्यलाई । धेरै होलान् ऊसँग हाम्रा कामयावी झुप्पाहरू । एकाकी : (रिमोट थिच्छ) नेपथ्यमा मधुरो घण्टी बजेको सुनिन्छ । सुन्दर ठिटीको प्रवेश । (ठिटीतिर इशारा गर्दै) यहाँ नै हुनुहुन्छ सुश्री मञ्चनकुमारी 'उत्पीडित' । अनि मञ्चनज्यू, यहाँ हुनुहुन्छ यो संस्थाका रचनाकार श्री नाटकबहादुर 'उफरमाउला' । मञ्चन : (हात जोड्दै) नमस्कार सर ! नाटक : सकजअ ! आगन्तुक र अग्रजलाई सम्मान गर्ने संस्थाको नयाँ रीत नमस्कार, नमस्ते, दर्शन, प्रणाम, सलाम, जय नेपाल, जय हिमाल, सम्धी ढोग आदिका रीति शैलीसँगै एकलकाँटे लागे पनि हामी चार अक्षरले सम्मान गर्छौं । मञ्चन : प्रस्तुति नवीन छ । विज्ञापनको शैली उस्तै एकदमै आकर्षक । नाटक : संस्थाका उद्देश्यहरू–परोपकारी लकिमा दगुर्ने रेल हो, अशक्तलाई टुङ्गोमा पुर्याउने । यसको परियोजनाभित्र सुन्दर संसार हाँसिरहेको हुन्छ । मञ्चन : संस्थाको टार्गेट अतुलनीय छ । यसमा सहभागी हुन पाए अहोभाग्य हुन्थ्यो मेरो । एकाकी : मञ्चनज्यू, संस्थाकी महिला सदस्यता प्राप्त गरिसक्नु भो । अब कागजी प्रक्रिया मात्रै छन् । छोटो अन्तर्वार्ता गरौँ, कतिको ब्युटीपार्लर धाइन्छ ? मञ्चन : कृतिम सौन्दर्य स्थायित्व हुँदैन । नाटक : पड्डो ठिटोसँग मसाज गराउन कत्तिको मन लाग्छ ? मञ्चन : पर पुरुषले सार्वजनिक स्थलमा सिवाय, टचसम्म गर्या छैन । सर ! संस्थाभन्दा बाहिरका भन्नै अप्ठ्यारो लाग्ने प्रश्न ? एकाकी : प्वालबाट संसार हेर्ने प्रयास गर्छौं । प्रश्न र उत्तरलाई मुछेर निर्क्यौलका तोर्मा ठहर्याउँछौं । अनि तोर्माभित्र रे–की गर्छौं, उत्तर दिनेको आचरणलाई । संस्थालाई इन्फेक्सन हुन सक्छ, नकारत्मक सदस्यका चित्र, चरित्रहरू । मञ्चन : दुर्गामी सोच । नाटक : पैसालाई कसरी बुझ्न हुन्छ ? मञ्चन : पैसा मेरो शरीरको छैटौँ इन्द्रिय हो । एकाकी : तपाईंसँग संस्थाले शारीरिक अङ्गका लागि भिख माग्यो भने दान दिन सक्नुहुन्छ ? नाटक : एकाकी सर, के तपाईं पनि आवश्यक परे संस्थालाई अङ्ग दिन सक्नुहुन्छ ?

एकाकी : आवश्यक परे तयार छु, अङ्गदान गर्न । एउटा आँखा दान गरेर पनि अर्कोले त्यति नै देख्न सक्छु । अपशोच, अझसम्म मेरो अङ्गसँग ठ्याक्कै मेलखाने आवश्यकवाला भेटाएको छुइनँ । नाटक: सर मेरो सोच एउटा छ । अङ्गदानको बदलामा अर्थ प्रदान पनि हुन्छ । यदि हाम्रा अङ्गलाई दान गर्न पाएको भए शरीर अपाङ्ग, आर्थिक सपाङ्ग भेट्नु हुन्थ्यो हामीलाई हाम्रो मञ्चनजीले । मञ्चन : (दीर्घ श्वास तान्दै) तपाईंहरूको अन्तर्भावसँग सहमत छु । गाउँको दलाहा व्यक्तिलाई पछि पार्न भाइलाई शिक्षाले सक्षम बनाउनु छ । झुट्टो फरेब रचेर मेरा बाउआमालाई समाजको अगाडि माफी माग्न र पैतालाको धूलो चाट्न बाध्य बनाको दृश्य सम्झँदा अझै आगो दन्किन्छ मुटुभित्र । केवल पैसा चाहिन्छ, आइपरे जे पनि गर्छु । एकाकी : मञ्चनजी जस्तै परपीडित सदस्यले नै यो संस्थालाई अगाडि बढाउँछन् । हामी पनि शोषित वर्गलाई नै संस्थामा सदस्यता दिने प्रयास गर्छौं । अब हामी एउटा सर्तनामा गरौँ । ताकि भोलि सदस्यले कुनै किसिमको मनगढन्ते आरोप लगाई, संस्थालाई उजुर नहालुन् भन्नको खातिर । अनि तपाईंलाई पचास हजार अग्रिम भुक्तान गर्दै छौँ । (त्यही टेबुलमाथि सर्तनामा कागजमा सही गर्छिन् मञ्चन) र पाँच सय नोटको एक बण्डल पैसा लेडिज ब्यागमा राखेर बाहिरिन्छन् । (कार्यालयबाट केही कागजी काम गरेर, एकाकी र नाटक पनि खुसी हुँदै बाहिरिए ।)

**(दोस्रो दृश्य)** (अप्रेशन कक्ष । टेबुलमाथि चिकित्सकीय समानहरू छन् । भित्ताको आधुनिक यन्त्रमुनि जोल्ठिएका एक जोर पाङ्गे खाट । पूर्वतिरको खाटमा एउटी दृष्टिबिहीन केटी लमतन्न सुतेकी छन् । अर्कोमा मञ्चन टुक्सुक्क बसेर रुँदैछन् । श्वेत वस्त्र पहिरिएको डाक्टर भित्रिन्छ । केही क्षणमै अप्रेशनका औजार लिएर पस्यो कम्पाउण्डर पनि ।) मञ्चन : (डाक्टरलाई हेरेर हात जोड्दै) एकाकी सर आँखा दान गर्न मन मानिरहेको छैन । प्लिज मलाई छोड्दिनुहोस् । एकाकी : (डाक्टर बन्या) तपाईंको भनाइ संस्थासँग गर्या एग्रिमेन्ट विपरीत हुँदै छ । पचास हजार साँवा ब्याज संस्थाले तपाईंलाई सक्षम बनाउन गरेको खर्च । यो बेला यी सबै फिर्ता गर्ने ल्याकत छ तपाईंसँग ? कम्पोडर : शीर्षकीय चरित्रलाई समूल उखल्ने सपना भ्रूण अवस्थामै धोइँदैन ? भुपट्टै अनिकाल पर्या छ, गाउँमा । छरपटाउ भा'छैनन्, आकाश हेरेर थाकिसकेका छन् मान्छेहरू । त्यसको प्रभाव सहरसम्म पुगिसक्यो ।

दृष्टिबिहीन केटी : मञ्चनजी, मेरो नाम नायिका 'विवशी' । भिक्षा मागेँ मलाई आँखा दान गरेर अन्धकार संसारबाट मुक्ति दिनुहोस् । मलाई जन्माउने आमालाई देखाइदिनोस् । मान्छेको रूप, रङ्ग, डाल, चालका कुरा गर्छन् त्यो कस्तो हुन्छ ? घाम, जुन र तारा छन् रे आकाशमा । यदि देख्न पाए ... । म शून्य छु । साथीहरू भन्छन्, म राम्री छुरे । राम्रो नराम्रो के हो ? कल्पना र सपनाको यथार्थता दिनोस् । मञ्चन : (नायिकालाई निर्निमेष हेर्दै) ठीकै छ नायिका मसँग भएको उज्यालो बाडौँ । (डा. एकाकीतिर हेर्दै) । सर ! दाहिनो आँखा झिकेर नायिकालाई प्रत्यारोपन गरिदिनोस् । ( पर्दा खस्छ । पर्दामाथि विद्युतीय रेखाद्वारा लेखिन्छ–यहाँ खुशी रोपिँदैछ ।)

**(अन्तिम दृश्य)** (फूलैफूलले सजिएको मञ्च । मध्य भागमा राखिएको छ ठूलो कुर्सी । दुइतिर छन् अन्य कुर्सीहरू, बाँसुरीको सुमधुर धुनसँगै लोकसुर गञ्जिरहेछ नेपथ्यमा । मञ्चअगाडि दर्शकहरू खचाखच छन् ।) नाटक : ( मञ्चमा प्रवेश गर्दै) दर्शक महानुभावमा संस्थागत स्विकार्नोस् । (दुवै हात उठाएर) सकजअ ! अब म ती महान् व्यक्तिलाई निम्त्याइरहेछु । उहाँ हुनुहुन्छ सुश्रीमञ्चन कुमारी 'उत्पीडित' । ( टाउकोको दाहिने पाटोदेखि दाहिने हात हुँदै देब्रेतिरको ठूटे खुट्टोसम्म सेतो ब्यान्डिजले कसिएकी वैशाखीको चीत्कारसँगै मञ्चनको प्रवेश हुन्छ मञ्चमा । सहारा दिएर मध्यभागको कुर्सीमा राख्यो नाटकले ।) एकाकी : ( मञ्चमा प्रवेश गर्दै) सबैलाई सकजअ ! ( मञ्चनतिर इशारा गर्दै) यहाँ नै हुनुहुन्छ उदाहरणका दुर्लभ उदाहरण मञ्चनजी । जसले आफू अधुरो रहेर अरुलाई पूर्ण बनाउनु भो । अन्यलाई आधा उज्यालो दिएर स्वयम् अधुरो भइन् । परचक्रीलाई आगत बाँड्दै जाँदा, यादै रहेन आफू विगत भइसकेको । नाटक : अब म मञ्चनजीका अङ्गहरू बहुशरीरमा विभक्त भई नयाँ जन्म पाउनेहरूलाई आमन्त्रित गर्दैछु । मञ्चनजीको अङ्ग प्रदान कार्यको पहिलो प्रस्तुति श्रीमती नायिका 'नायक' । मञ्चनजीको आधा उज्यालो पाएर श्रापित जीवनबाट मुक्त हुनु भो । संयोग उद्योगपति नायकका नायिका श्रीमती हुनुहुन्छ । मञ्चनजीको लीला पतिपत्नी दुवैका शरीरमा मञ्चनजी समाहित हुनुहुन्छ । गाडी दुर्घटनामा दुवै खुट्टा गुमाएर स्थूल बन्नुभएको नायक 'सर्वहारा'जीलाई मञ्चनजीले देब्रे खुट्टो दिएर वैशाखी टेकेरै हिँड्ने बनाइदिनु भो । आज नायिकाजी श्रीमानका नाम नायकलाई उपनाम बनाउनु भा'छ भने नायकज्यूले पनि श्रीमतीको नाम नायिकालाई उपनाम बनाउनु भा'छ । अत: आउँदै हुनुहुन्छ मायाको ढुकुरजोडी श्रीमती नायिका 'नायक' र श्रीमान् नायक 'नायिका'ज्यू । (दुवै पति पत्नीले मञ्चनलाई खादा ओढाई खुट्टो छोएर सम्मान गरे । आकस्मिक मञ्चनले नायिकालाई अनुहार छेउमै बोलाएर आतुरताका साथ आफूले दिएको आँखालाई धेरैपल्ट चुमिन्, एउटी आमाले हराएको नानी भेटेर माया गरेझैँ । अनि नायकलाई उभ्याउने आृनो खुट्टालाई हेरिरहिन् । कुनै समय त्यो खुट्टोलाई राम्रो बनाउन दिनभरि माडी रहन्थिन् । नङ काटेर रातो नङ्पालिसले बेहुली बनाउँथिन् । नायक नायिका आआृना कुर्सीमा बस्छन् ।) एकाकी : यहाँ हुनुहुन्छ । लेखकराज 'लेकाली' यो एकाकी नाटकका लेखक । यहाँको शरीरभित्र निरन्तर सक्रिय छ, मञ्चनजीको मिर्गौला । नाटक : अब हाम्रा आवाजलाई मञ्चनजीको कर्णद्वारा सुनिरहनुभएको श्री निर्देशक राम 'अभिनय'लाई आमन्त्रित गर्दै, सबैलाई आआफ्ना अतिथि डेस्कमा बसिदिन अनुरोध गर्दछु । एकाकी : हाम्री अन्तिम एक जना महिला मित्र हुनुहुन्छ, सुश्रीसङ्गीतामाया 'छायाकार' । मञ्चनजीको एकमुठी केश मागेर आृनो चिन्डे कपालमा रोपिन् । प्रकृतिको लीला भनौँ कि चेतनशील मान्छेका कमाल । रोपेको केशहरूले छावा छोड्न थालेपछि उहाँको चिन्डे कपाल अमेरिकन वैज्ञानिकका अनुसन्धान केन्द्र भइदियो । अन्य देशले पनि अनुसन्धान गर्ने सूचना दिइसकेका छन्, हाम्रो देशलाई । र, सङ्गीतामाया 'छायाकार'ज्यूलाई आफ्नो स्थानमा आसनग्रहण गर्न अनुरोध गर्दछु । एकाकी : अब हामी साँस्कृतिक कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौँ । यदि कानुनन् अड्चनहरू आएन भने अर्को वर्ष मेरो क्लोनलाई यहीँ ल्याएर देखाउने छु । तर यसो भन्दा तपाईंहरू मञ्चन नबन्नुहोस् । पूर्ण जीवनको स्वाद अधुरोमा पाइँदैन । इन्स्पेक्टर सर ! धन्यवाद तपाईंलाई । आवश्यक पर्यो भने आउने छु, कानुनको परिसरभित्र । अन्तमा यहाँहरू सबैलाई सकजअ ! (पर्दा खस्छ ।)

*-साहित्यपोस्ट डटकम*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा सात जनाको मृत्यु



**पाल्पा, वैशाख १०**/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार नवलपरासी पश्रिुचम, डोटी, सुनसरी, कैलाली, पर्सामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी सात जनाको मृत्यु भएको हो ।

नवलपरासी पश्रुचिमको पाल्हीनन्दन गाउँपालिका-३ कुस्मास्थित सडकमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्री ज्यान गएको छ । युपि ५६ के ९३१८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँकी २२ वर्षीया ज्योती चौहानको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै डोटीको जोरायल गाउँपालिका-१ गोल्डेनस्थित सडकमा मिनिट्रक दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । सु.प.प्र.०१ ००१ ख ३४२८ नम्बरको मिनिट्रक अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल खसेर बुधबार बिहान दुर्घटना हुँदा चालक बभाङ बुंगल नगरपालिका-२ दहबगर बस्ने ३३ वर्षीय अर्जुन धामी, मिनिट्रकमा सवार ४३ वर्षीय उज्ज्वल धामी र ४१ वर्षीय जगत धामीको घटनास्थलमै मृत्यु भएको हो । यस्तै सुनसरीको इटहरी उपमहानगरपालिका-१० स्थित सडकमा स्कुटर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । हाल नम्बर नखुलेको इलेक्ट्रिक स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटर चालक हाल नाम, थर, वतन नखुलेका अन्दाजी १६ वर्षीय किशोरको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराट टिचिङ मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै पर्साको वीरगंज महानगरपालिका-२१ परवानीपुरस्थित सडकमा ना.६ ख ७५०९ नम्बरको ट्रकले प्र.-२-०३-०२१ प ६३०६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही महानगरपालिका-२१ परवानीपुर बस्ने १९ वर्षीय प्रदिप कुमार गुप्ताको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रण लिएको छ । उता कैलालीको धनगढी उपमहानगरपालिका-८ क्याम्पस चोकस्थित सडकमा ट्याक्टरले मोटरसाइकलाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । सु.प.प्र.०१-००२ त ४०१५ नम्बरको ट्याक्टरले सु.प.प्र.०१-०११ प ८७१७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-८ धनगढीगाउँ बस्ने ५५ वर्षीय सुन्दर चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । सम्पूर्ण घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# आजदेखि विश्व खोप सप्ताह सुरू




**पाल्पा, वैशाख १०**/विश्व खोप सप्ताह आजदेखि सुरु भएको छ । हरेक वर्ष अप्रिल महिनाको अन्तिम हप्तालाई विश्व खोप सप्ताहको विश्वव्यापीकरण खोप समुदायले मनाउने गर्दछन् । यस वर्ष २०२५ को विश्व खोप सप्ताह अप्रिल २४ देखि ३० सम्म विश्वभरि विभिन्न कार्यक्रमहरू गरेर मनाइँदै छ ।

खोपहरूको जीवन बचाउने शक्तिलाई उजागर गर्दै वर्ष २०२५ मा सबै उमेरका मानिसहरूलाई रोगबाट जोगाउन भ्याक्सिनहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्यसँगै खोपको महत्व र आवश्यकतालाई विशेष चर्चा गरिन्छ । विश्व खोप सप्ताहको अन्तिम लक्ष्य भनेको धेरै मानिसहरू र तिनीहरूका समुदायहरूलाई खोपबाट रोक्न सकिने रोगहरूबाट सुरक्षित राख्नु हो । स्थानीय तहस्तरमा बालबालिकाले पाउने विभिन्न सेवा, सुविधा वितरणमा खोपकार्य अनिवार्य गरिने छ । स्वास्थ्य मन्त्रालयले सबै स्थानीय तहलाई सामान्य प्रशासन मन्त्रालयमार्फत खोप सप्ताह सफल बनाउन लागि अनुरोध गरिएको जनाएको छ । मन्त्रालयले वैशाखलाई पूर्णखोप सुनिश्चित र प्रमाणीकरण महिनाका रूपमा मनाउने उद्देश्यले खोप सप्ताह मनाउने गर्दछ । लगाउन छुटेका सबै बालबालिकालाई खोप लगाई नेपालमा पूर्णखोप रहेको सुनिश्चित गर्नका लागि सप्ताह मनाउन लागेको स्वास्थ्य मन्त्रालय परिवार कल्याण महाशाखाले जनाएको छ । सप्ताहमा लगाउन छुटका सबै बालबालिकालाई खोप दिइने छ । विभिन्न जिल्लामा खोप लगाउन छुटेका बालबालिकाको सङ्ख्या बढ्दै गइरहेकाले उनीहरुमा दादुरा, रुवेलालगायत महामारीको जोखिम बढ्न सक्ने भएकाले खोप सप्ताह अन्तर्गत बालबालिकालाई खोप दिइने छ ।

# लोकतन्त्रका १९ वर्ष...

...स्वदेशमै युवाहरू बस्ने अवस्था नदेखेर दैनिक विदेसिन बाध्य भएका छन् । यिनै कारणले गर्दा नागरिकहरू लोकतन्त्रमा पनि नकारात्मक भएका छन् ।" जनभावना र जनअपेक्षालाई बुझेर राज्य सञ्चालकले काम गर्न सक्नुपर्ने उनको भनाइ छ ।

हरेक वर्ष हर्षोल्लासपूर्वक दीप बालेर लोकतन्त्र दिवस मनाउने गरिए पनि दैनिक ज्याला मजदुरी गरी जीवन चलाउँदै आएका पाल्पाका श्रमिक तथा मजदुरहरुलाई भने चुलो बाल्नै हम्मेहम्मे छ । एउटा राजा फालेर गाउँ-गाउँमा सरकार पुग्ने गरी आएको संघीय लोकतान्त्रिक गणतन्त्र श्रमिक, मजदुरका लागि भने कागलाई बेलजस्तै भएको छ ।

"लोकतन्त्र आइसकेपछि हामी जस्ता मजदुरको लागि रोजगारीलगायत केही व्यवस्था हुनुपथ्र्यो । तर, केही भएन । नेताहरु आफैँ कुर्सीको लागि लड्दै ठीक्क छ" तानसेन बजारमा भेटिएका मजदूर प्रेम बूढाले भने । २०६० सालदेखि तानसेनमा भारी बोकेरै जिविकोपार्जन गर्दै आएका उनले भने "लोकतन्त्रको आन्दोलनमा हामी पनि सहभागी भयौं हो । तर, हाम्रा लागि भने केही भएन । यही भारी बोक्ने काम पनि पहिलेजस्तो पाइदैन । खोइ त हामीलाई सरकारले हेरेको ? भारी नबोके खाने अर्को उपाए छैन ।" उनी जस्तै धेरै श्रमिकहरुको अवस्था उस्तै छ । देशका नागरिकले लोकतन्त्र आएको महसुस गर्नुपथ्र्यो तर,उनीहरुले लोकतन्त्रको महसुस गर्न सकेका छैनन् । लोकतन्त्र आएपछि केही राम्रा काम नभएका होइनन् । तर, जनताले जति आशा गरेका थिए त्यस अनुसारको उपलब्धी उनीहरुले महसुस गर्न सकेनन् । रोजगारीदेखि आर्थिक विकासको विषयमा देशले गति लिन नसकेकै कारण आम जनतामा निरासै निराशा छाएको छ ।

## खेलकुद समाचार

# बार्सिलोनाको जितमा ओल्मो निर्णायक



**काठमाडौं, वैशाख १०**/ड्यानी ओल्मोको निर्णायक गोलमा बार्सिलोनाले स्पेनिस ला लिगामा मायोर्काविरुद्ध १-० को कठिन जित निकालेको छ ।

क्याटालन टोली बार्सिलोना घरेलु मैदानमा सम्पन्न खेलको पहिलो हाफमा गोलरहित बराबरीमा रोकिएको थियो । तर, दोस्रो हाफको पहिलो मिनेटमै ओल्मोले गोल गर्दै घरेलु टिमलाई अग्रतामा राखे । यही गोल निर्णायक बन्दा उपाधि होडमा रहेको बार्सिलोनाले महत्त्वपूर्ण तीन अंक जोडेको हो । जितसँगै शीर्ष स्थानको बार्सिलोनाले ३३ खेलबाट ७६ अंक जोडेको छ । जुन दोस्रो स्थानको रियालकोभन्दा सात अंक धेरै हो । यस्तै, ३२ खेलबाट ६९ अंकसहित रियाल तालिकाको दोस्रो स्थानमा छ ।

यता, बार्सिलोनासँग पराजित मायोर्का भने ३३ खेलबाठ ४४ अंकसहित तालिकाको सातौँ स्थानमा छ ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६८, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# घट्यो नेप्से परिसूचक



**पाल्पा, वैशाख १०**/बुधबार नेप्से परिसूचक घटेर बन्द भएको छ । पछिल्ला तीन कारोबार दिनेदखि घटिरहेको नेप्सेले यस दिन पनि सोही क्रमलाई निरन्तरता दिएको हो ।

यस दिन नेप्से परिसूचक ३२.३८ अंक घटेर २६५५.९४ विन्दुमा झरेको छ । त्यस्तै, यस दिन सेन्सेटिभ इण्डेक्स ५.८६ अंक घटेको छ भने फ्लोट इण्डेक्स २.२४ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स १.९४ अंक घटेको छ । नेप्सेसँगै यस दिन कारोबार रकम पनि घटेको छ । अघिल्लो कारोबार दिन अर्थात मंगलबार ८ अर्ब ३२ करोडको शेयर खरिदबिक्री भएको बजारमा यस दिन ३०८ स्टकको ६४ हजार १४० पटकको कारोबारमा ७ अर्ब ५७ करोड ५५ लाख १७ हजार रुपैयाँबराबरको १ करोड ८४ लाख ७७ हजार कित्ता शेयर खरिदबिक्री भएको छ ।

नेपाल माइक्रो इन्स्योरेन्स र क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सको शेयर यस दिन पनि सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । नेपाल माइक्रो इन्स्योरेन्सको शेयरमूल्य यस दिन ७८ रुपैयाँ ३० पैसा बढेर ८६१ रुपैयाँ ७० पैसामा अन्तिम कारोबार भएको छ भने क्रेष्ट माइक्रो लाइफको ६४ रुपैयाँ ७० पैसा बढेर ७१२ रुपैयाँ ४० पैसामा अन्तिम कारोबार भएको छ । अन्य स्टकहरुको मूल्य वृद्धिदर भने यस दिन साढे ४ प्रतिशतभन्दा कम रहेको छ । कारोबारमा आएको कर्पोरेट डेभलपमेन्ट बैंकको शेयरमूल्य यस दिन सर्वाधिक ९.०६ प्रतिशत घटेको छ ।

कारोबार रकमका आधारमा यस दिन राधी विद्युत कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको यस दिन ५८ करोड १९ लाख ८ हजार रुपैयाँबराबरको शेयर कारोबार भएको छ । त्यस्तै, यस दिन एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको साढे ५१ करोडभन्दा बढीको शेयर खरिदबिक्री भएको छ भने डादी ग्रुप पावरको करिब ४१ करोडको शेयर किनबेच भएको छ ।

१३ उपसमूहमध्ये यस दिन म्युचुअल फण्ड र उत्पादन तथा प्रशोधन उपसमूहबाहेक सबै उपसमूहको परिसूचक घटेको छ। यस दिन म्युचुअल फण्ड उपसमूहको परिसुचक ०.२१ प्रतिशत बढेको छ भने उत्पादन तथा प्रशोधनको ०.३९ अंक बढेको छ। कारोबारमा आएको विकास बैंक उपसमूहको परिसूचक यस दिन सर्वाधिक २.०९ प्रतिशत घटेको छ। त्यसैगरी, यस दिन बैंकिङ्क, वित्त, होटल तथा पर्यटन, जलविद्युत, लगानी, लघुवित्त र अन्य उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी घटेको छ।


# आगलागीबारे चनाखो बनौ

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

***आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं।***

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई